- कृषि- वन नर्सरी व्यवस्थापन तालिम र विरुवा उत्पादन कार्यक्रम,
- नेचर गाईड तालिम,
- मत्स्य विकास तालिम र माछापोखरी व्यवस्थापन तथा माछा उत्पादन,
- ब्युटीपार्लर तालिम तथा उद्यम सञ्चालन,
- पोल्ट्री (कुखुरा, हाँस ) पालन तालिम तथा उद्यम स्थापनामा सहयोग,
- हस्तकला (गुन्द्रि, डालो, डोको आदि) तालिम तथा उद्यम विस्तार सहयोग
- व्यावसायिक तरकारी खेती तालिम तथा उत्पादन र वजारिकरणमा सहयोग

## ५.२ महिला र विपन्न वर्गलाई मूल प्रवाहिकरण

- लैगिक तथा सामाजिक समावेशिकरण र समानता लाई प्रर्वर्द्धन गरी स्वास्थ्य जनचेतना, सुरक्षा, बायोईन्जिनियरिङ, जिविकोपार्जन् सुधार एवं वातावरण संरक्षण सम्बन्धि कार्यक्रम
- युवा तथा स्कुल विधार्थीहरुलाई सडक सुरक्षा र स्वास्थ्य जनचेतना वृध्दि गर्ने अभियानहरु
- विपन्न तथा सिमान्तकृत महिलाहरुलाई सामुदायिक सिकाई केन्द्र मार्फत वातावरणीय शिक्षा, जिविकोपार्जन सुधार, जनचेतना अभिवृध्दि र जैविक विविधता संरक्षणको लागि संगठित बनाउने ।

## ५.३ सडक दुर्घटना र स्वास्थ्यमा नकारात्मक असर न्युनिकरण

- स्थानिय समुदायका मानिसहरुलाई सडक सुरक्षा, ट्राफिक नियम, यौनजन्य रोग तथा चेलिबेटी बेचबिखन बिरुध्द सचेतना कार्यक्रम
- कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र र सामुदायिक वन उपभोक्ता समितिहरुमा लैगिक तथा समावेशिकरण अभियान सञ्चालन कार्यक्रम
- पूर्व पश्चिम सडक (नदाहा)-कोशी पुल (चतरा)-पूर्व पश्चिम सडक (रुपनगर) खण्डमा जनचेतनामूलक होर्डिडबोर्ड, पोष्टर, पम्पलेट मार्फत जनचेतना प्रवाह गर्ने ।
- पूर्व पश्चिम सडक (नदाहा)-कोशी पुल (चतरा)-पूर्व पश्चिम सडक (रुपनगर) सडकमा कार्यरत कामदार लगायत सबकन्ट्राक्टरहरुलाई सुरक्षा तथा स्वास्थ्य सम्बन्धि जनचेतना ।

## ५.४ वृक्षरोपण, बायोईन्जिनियरिङ र जैविक विविधता संरक्षण

- पूर्व पश्चिम सडक (नदाहा)-कोशी पुल (चतरा)-पूर्व पश्चिम सडक (रुपनगर) खण्डको भूक्षय पहिरो सम्भाव्य ठाउँहरुमा बायोईन्जिनियरिङ प्रबिधिबाट वृक्षरोपण गर्न उपयुक्त घाँस तथा रुख प्रजाति छनौट र तालिम प्रदान गर्ने ।
- सम्भाव्य होम-स्टे उद्यमीहरुलाई अवलोकन सिकाई भ्रमणको व्यवस्था गर्ने ।
- कोशी टप्पु मध्यवर्ति क्षेत्र र सामुदायिक वन लगायत जैविक विविधता मार्गमा वृक्षरोपण, पुन:रोपण वा समृध्दि वृक्षरोपण सहयोग गर्ने ।
- आयोजना प्रभावित क्षेत्रमा वातावरण मैत्रि अभिभावक (Eco-guardianship) तालिम प्रदान गर्ने ।
- कोशी टप्पु मध्यवर्ति क्षेत्र र सामुदायिक वन लगायत जैविक विविधता र वातावरण संरक्षण तथा जनचेतना अभिवृध्दि गर्न ईको-क्लव/युथ क्लव/आमा समूह/चरिचरण व्यवस्थापन समूह गठन र परिचालन गर्ने ।
- जैविक विविधता संरक्षण प्रदर्शन स्थल निर्माणमा सहयोग गर्ने ।
- २५ वटा घरधुरीलाई पहिचान गरी धरमपुर, पूर्व पिपरा, घोघनपुर, कमलपुर, तपेश्वरी जस्ता पर्यापर्यटकीय सम्भाव्य क्षेत्रका समुदायलाई ईकोगार्जनसीप तालिम र होम-स्टे बनाउन पहल गर्ने ।
- राष्ट्रिय निकुञ्ज, वन विभाग लगायत सम्बन्धित विभागसंग समन्वय, समिक्षा तथा सहकार्य गर्ने ।

## ५.५ संचार, प्रचारप्रसार र अभिलेखिकरण

- सञ्चार सम्बन्धि रणनीति तथा जनचेतनामूलक प्रचारप्रसार सामग्री उत्पादन एवं वितरण गर्ने ।
- सरोकारवालाहरुसंग अनुभव आदानप्रदान जस्ता गोष्ठीहरुको आयोजना गर्ने ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका जिविकोपार्जन, जनचेतना तथा वातावरण संरक्षण आदि जस्ता कार्कमहरुबाट के कस्तो उपलब्धि प्राप्त भयो त्यस सम्बन्धि पुस्तिका प्राकाशित गर्ने ।

## ६. कार्यक्रमबाट अपेक्षित मुख्य उपलब्धिहरु

| कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|
| क्षमता अभिवृध्दि, सीप हस्तान्तरण | ४२७ जना |
| समुह/क्लव गठन र परिचालन | २५ वटा |
| उद्यम स्थापना | ५२ वटा |
| उद्यम स्थापना तथा उद्यम सञ्चालन सहयोग | ५२ घरधुरी |
| रोजगार सिर्जना | २००० जना |
| जनचेतना वृध्दि | २५०० जना |
| वातावरण संरक्षण, वृक्षरोपण, समृध्दी वृक्षरोपण, जैविक विविधता संरक्षण | ८ सामुदायीक, वन क्षेत्र, सार्वजनिक क्षेत्र, सडक छेउको वृक्षरोपण कार्यक्रम |


**विशेष जानकारीको लागी सम्पर्क ठेगाना:**

**नदाहा-कोशीपुल (चतरा)-रुपनगर सडक योजना**

सामाजिक तथा स्वास्थ्य जनचेतना, जिविकोपार्जन सुधार र जैविक विविधता संरक्षण कार्यक्रम

सप्तकोशी नगरपालिका, वडा नं. १, फतेपुर, सप्तरी

Implementation NGO: एकीकृत विकास समाज नेपाल (IDS Nepal), फोन नं. ०३१५५०१८२

ईमेल: srcp.ids@gmail.com



नेपाल सरकार

भौतिक योजना तथा यातायात मन्त्रालय

सडक बिभाग

**आयोजना निर्देशनालय (ए.डि.बि)**

बिशालनगर, काठमाण्डौं

**सासेक रोड कनेक्टिभीटी प्रोजेक्ट**

ए.डि.बि. लोन नं. ३०१२ NEP


# सामाजिक तथा स्वास्थ्य जनचेतना, जिविकोपार्जन सुधार र जैविक विविधता संरक्षण कार्यक्रम

## १. आयोजनाको संक्षिप्त परिचयः

दक्षिण एशिया उप-क्षेत्रिय आर्थिक संगठन (SASEC) सडक सञ्जाल आयोजना (SRCP) अन्तर्गत एशियाली विकास बैंक (ADB) को ऋण सहयोगमा नेपालमा १८७ कि.मी. सडक स्तर उन्नति गर्ने लक्ष्य अनुसार ५ वटा सडक सञ्जाल मध्ये पूर्व पश्चिम राजमार्ग (नदाहा)-कोशी पुल (चतरा)-पूर्व पश्चिम राजमार्ग (रुपनगर) पनि एक हो । पूर्व पश्चिम राजमार्ग (नदाहा)-कोशी पुल (चतरा)-पूर्व पश्चिम राजमार्ग (रुपनगर) को लम्बाई ६१.१५ कि.मी. रहेको छ । यस सडकलाई हाल सञ्चालनमा रहेको कोशी ब्यारेजको वैकल्पिक राजमार्गको रुपमा विकास गरिएको हो । यो राजमार्ग सुनसरी जिल्लाको नदाहाबाट सुरु भएर उदयपुर जिल्ला हुँदै सप्तरी जिल्लाको रुपनगरको पूर्व पश्चिम राजमार्गमा टुङ्गिन्छ । यस वैकल्पिक राजमार्गमा सुनसरी जिल्लाका बराहक्षेत्र नगरपालिका अन्तर्गतका भरौल र बराहक्षेत्र, उदयपुर जिल्लाका वेलका नगरपालिका र चौदण्डी नगरपालिका भित्रका मैनामैनी, ठोकसिला, कटुन्जे, वाव्ला, बसाहा र तपेश्वरी पर्दछन भने सप्तरी जिल्लाका सप्तकोशी नगरपालिका र कञ्चनरुप नगरपालिका अन्तर्गतका फत्तेपुर, कमलपुर, घोघनपुर, पूर्व पिपरा, धरमपुर, कञ्चनपुर र रुपनगर पर्दछन । उपर्युक्त तिनै जिल्लाका पाँच नगरपालिका मध्ये २३,३४३ घरधुरीका १,२३,७५६ जनसङ्ख्या (४९.३५ पुरुष र ५०.७५ महिला) यस परियोजना क्षेत्रभित्र बसोबास गर्दछन्। जातजातीको हिसावले ४७.५२५ जनजाती, १२.६५ दलित र बाकि ब्राम्हण-क्षेत्री रहेका छन् ।


विद्यालय हाताभित्र वृक्षरोपण गरिँदै ।

## २. वातावरणीय दायित्व

यो राजमार्ग कोशीटप्पु वन्यजन्तु आरक्षको छिमेकि तथा मध्यवर्ती क्षेत्रमा पर्ने गाउँ तथा नगरपालिकाहरुलाई पार गर्दै जान्छ । कोशी टप्पु वन्यजन्तु आरक्षका मध्यवर्ती क्षेत्र हुँदै जाने हुँदा वातावरण संरक्षण ऐन १९९६ को दफा ३ तथा वातावरण संरक्षण नियमावली १९९७ को अनुसुची २(K)३ एवं एडीबी सुरक्षण नीति २००९ (Safeguard Policy Statement2009) अनुसार वन्यजन्तुका वासस्थानमा प्रतिकुल प्रभाव पर्न सक्ने भएको र यसलाई



विश्व वातावरण दिवश २०१७ को अवसरमा आयोजित कार्यक्रममा छात्रछात्रा, नागरिक समाज र स्थानीय वुद्धिजिवीहरु सहभागी हुनुहुँदै ।

न्युनिकरण गर्न सावधानीका उपायहरु अवलम्बन गर्नु पर्ने भएको कारणले यसलाई वातावरणीय प्रभावको वर्गिकरणको हिसावले "क" वर्गमा वर्गिकृत गरिएको छ । जसअनुसार वातावरणीय प्रभाव मूल्याङकन अध्ययन गराईएको छ । यस सडकका झण्डै ६ कि.मी. सडक खण्ड संरक्षण क्षेत्र भित्र भएता पनि वन क्षेत्र कम रहेको छ ।

अतः वन्यजन्तु र जैविक विविधतालाई न्युन प्रभाव पार्ने एवं खुद जैविक विविधतामा कमि आउने गरी कार्यान्वयन गर्ने उद्देश्य लिइएको छ। यस सडक योजना निर्माण एवं सञ्चालनबाट कोशी टप्पु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्र लगायत आरक्षका वन्यजन्तु एवं जैविक मार्गसमेतमा अवरोध नगरोस भन्ने मनसाय राखीएको छ । यसै क्रममा नेपालको सबैभन्दा पहिलो रामसार क्षेत्र अर्थात अन्तर्राष्ट्रिय महत्वको सिमसार क्षेत्रको संरक्षणलाई उच्चतम प्राथमिकतामा राखिएको छ । खुद जैविक विविधता संरक्षणका लागि यस आयोजनाले उक्त क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ भने अर्को तर्फ समान्य नकारात्मक असरहरू जस्तै जनसङ्ख्या एवं जनघनत्व वृध्दि, ध्वनी प्रदूषण, भूक्षय एव भूअस्थिरिकरण, जल तथा वायु प्रदूषण, सडक दुर्घटनाहरु जस्ता समस्याहरु बढ्ने सम्भावना हुन्छ । यसरी यो आयोजनाले विशेष गरी सडक छेउछाउमा वसोवास गर्ने मानिसहरुको साथै अन्य नजिकका गाउँ वस्तिहरुमा समेत आर्थिक, सामाजिक र वातावरणीय अवस्था सुधार गर्नमा महत्वपुर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ३. उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य विकास र संरक्षणलाई संतुलन गर्दै मानव र प्रकृतिको वीचमा सामञ्जस्यता ल्याउनु हो । अतः यस आयोजनाले पारिस्थितिकिय संवेदनशील र आर्थिकरुपले समृद्ध कोशी टप्पु वन्यजन्तु आरक्ष वरिपरिका समुदायलाई प्रकृतिसंग घनिष्टता कायम गरिराख्न, अनुकुलन गरिराख्न प्रकृतिबाट पारस्पारिक फाइदा लिन र कोशी टप्पु वन्यजन्तु जैविक मार्ग र आरक्षको मध्यवर्ती क्षेत्रको सद्‌भाव कायम राख्ने काम गर्दछ ।

- आयोजनाबाट प्रभावित समुदायको लागि जिविकोपार्जन सुधार गर्न सीपमूलक तालिम सञ्चालन गर्ने
- आयोजना क्षेत्रमा स्वास्थ्य सम्बन्धि जोखिम, सडक दुर्घटना एवं सडक सुरक्षा न्युनिकरण गर्न समुदायमा आधारित जनचेतनामुलक अभियानहरु संचालन गर्ने ।
- पूर्व पश्चिम सडक (नदाहा)-कोशी पुल (चतरा)-पूर्व पश्चिम सडक (रुपनगर) क्षेत्रमा रहेका आयोजना प्रभावित स्थानिय समुदायको क्षमता अभिबृध्दि गरी उनीहरुकै सहभागितामा वातावरणीय संरक्षण र पर्यटन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने ।


वायोइन्जिनियरिङ्ग क्षेत्र अवलोकन गरिँदै ।

## ४.कार्यनीति

यस आयोजनाले नदाहादेखी कञ्चनरुप न.पा.सम्मका आयोजनाबाट प्रभावित परिवारहरुको आर्थिक विकासमा जोड दिनुका साथै आयोजनाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुले रोजगारीको अवसरमा वृध्दि, यातायातको सुव्यवस्था, पर्यटनको विकास एवं साना उद्योगमा वृध्दि हुने आशा गरिएको छ । यस सिलशिलामा आयोजनाले अवस्था विश्लेषण गरी, खासगरी स्थानीय प्रभावित परिवारहरु, समुदाय र सरोकारवालाहरुको परिचालन, क्षमता सुदृढिकरण, लैगिक र सामाजिक समावेशिकरणको प्रवर्द्धन, ज्ञान सीप व्यवस्थापन प्रसार गर्ने, निजी क्षेत्रको सहभागिता बढाउने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५. उपलब्धि

यसआयोजनाबाट मुख्य ५ वटा उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

### ५.१ क्षमता विकास गरी जिविकोपार्जन् सुधार

यस अन्तर्गत व्यावसायिक सीपमुलक तालिमहरु प्रदान गरी साना उद्यमहरु स्थापनामा सहयोग पुर्याउने र तालिम सञ्चालन गर्ने जस्ता कार्यहरुका लागि सहयोग गर्ने जस्तैः